बुङ्गल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खिरातडी, बझाङ्ग

9766973710 कार्यालय प्रमुख
URL: www.bungalmun.gov.np
e-mail: info@bungalmun.gov.np
e-mail: ito.bungalmun@gmail.cor
e-mail: ito.bungalmun . gov.np
सुदूरपश्चिम प्रदेश नेपाल

प.सं.: ०८०।०८१
च.नं. ९७५६

मितिः२०८१।०३।०६
ने.सं. ११४४ तछलाथ्व १३ बिहीबार

विषयः भुक्तानी निकासा सम्बन्धमा।

श्री जो जस संग सम्बन्ध राख्दछ।

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० को उपनियम १ बमोजिम आर्थिक वर्ष समाप्त हुनु भन्दा ७ दिन अगावै भुक्तानी दिई निकासा र खर्च अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ। तदनुसार २०८१ असार २४ गते राती १२ बजे खाता बन्द भै सक्ने व्यहोरा जानकारी गराउँदछौं । आर्थिक वर्षको अन्त्यमा यस असार महिनामा कामको चाप अत्यधिक हुने,वर्षादको कारण विद्युत तथा इन्टरनेटमा समस्या आउने सर्भरमा समस्या आई विद्युतीय भुक्तानी प्रणाली (EFT) बाट भुक्तानी भएको रकम सेवाग्राहीको खातामा जम्मा नभई पुनः भुक्तानी गर्नुपर्ने जस्ता समस्याहरु आउन सक्ने भएकोले यस्ता समस्याहरुलाई मध्य नजर गरी यही असार २० गते भित्र सबै प्रक्रिया पुरा गरी भुक्तानीको लागि फाईल पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। उक्त समय पछि प्राप्त हुने फाँइल हरुको भुक्तानी हुन नसकेमा कार्यालय जिम्मेवार नहुने व्यहोरा समेत अनुरोध छ।

गजाधर सार्की
लेखा अधिकृत

नरेश कुँवर
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः श्री सुचना प्रविधि शाखाः वेभसाईटमा अपलोड गरिदिनहुन अनुरोध छ।